**२०८० साल असार १३, बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय : "करार कर्मचारी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०"** स्वीकृत गर्ने ।

२. **कृषि तथा भूमि व्यवस्था मन्त्रालय :** आ.व. २०७८/७९ को संघिय सशर्त कार्यक्रमको दायित्व भुक्तानीको लागि स्वीकृती प्रदान गर्ने।

३. **खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय :** लुम्बिनी प्रदेश राजधानी खानेपानी तथा सरसफाई आयोजना सम्बन्धमा।

४. **स्वास्थ्य मन्त्रालय :** लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतको राप्ती प्रादेशिक अस्पताल तुल्सीपुर लगायतका अन्य अस्पताललाई क्रमश: स्तरोन्नती गर्नका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्न स्वीकृति प्रदान गर्ने ।

५. "खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय अन्तर्गतका विभिन्न खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरुमा विगत आ.व.मा श्रृजना भएको भनिएको भुक्तानी दिनुपर्ने आर्थिक दायित्वको विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अध्ययन समिति गठन गरी प्रतिवेदन पेश गर्ने ।"

६. "प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत रहेका निर्देशनालयको कार्यक्षेत्र, भूमिका, सेवाको प्रभावकारिता र आवश्यकताको अध्ययन गरी प्रभावकारी कार्यसम्पादन र कर्मचारीको वृति विकासका पक्ष समेत विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अध्ययन गर्ने व्यवस्था मिलाउने र यसका लागि आवश्यक वजेट व्यवस्था आर्थिक मामिला मन्त्रालयले गर्ने ।"

७. "प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९" मा संलग्न अनुसूची बमोजिम दोस्रो संशोधन गर्ने ।

८. "लुम्बिनी प्रदेश सभामा मिति २०७९/११/१७ मा दर्ता भई विचाराधीन रहेको **"प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई समसामयिक बनाउन परिमार्जन गरी पुन: पेश गर्नका लागि प्रदेश सभा नियमावली, २०७४ को नियम १२० बमोजिम फिर्ता लिने।